# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, भाद्र २ गते २०२६ साल [ संख्या १९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा ३ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

अनुदान र सहायताको रूपमा लगेको सरकारी रकम निजी स्वार्थमा लगाए, गरिबको घर भत्काए वा भत्काउने काममा सहयोग दिए तथा घूस लिनु दिनु गरी कानून बिरुद्ध काम गरे भन्ने विषयहरूमा सिन्धुपाल्चोक जिल्लाका श्यामकृष्ण नेपाली समेतका व्यक्तिहरूबाट परेको उजुरीहरू हेरी कारवाई र किनारा लाउन बाग्मती विशेष अदालतलाई सुम्पिएको छ।

आज्ञाले–

चूडामणिराजसिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

काठमाडौं जिल्ला अदालतमा दायर रहेको वादी श्री ५ को सरकार प्रत्यबादी कृष्णभक्त समेत भएको चन्द्रप्रसादमाथि खुकुरी चलाई ज्यान मार्ने उद्योग गरे भन्ने मुद्दा उक्त जिल्ला अदालतबाट झिकी कारवाई र किनारा गर्न बाग्मती विशेष अदालतलाई सुम्पिएको छ ।

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।